# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१)  काठमाडौं साउन २३ गते, २०६८ साल  (संख्या १७


## भाग ३

नेपाल सरकार

### परराष्ट्र मन्त्रालयको सूचना

**परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०६८**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस आदेशको नाम "परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०६८" रहेकोछ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति संझनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष संझनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य संझनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक संझनु पर्छ ।

(ङ) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस आदेशअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम भन्ने संझनु पर्छ ।

३. **परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समितिको गठन:**

(१) नेपालको परराष्ट्र नीतिलाई सक्षम तथा प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा परामर्श दिन परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन:-

(क) परराष्ट्र मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) सभापति, अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समिति, व्यवस्थापिका-संसद -सदस्य

(ग) सचिव, परराष्ट्र मन्त्रालय -सदस्य

(घ) सरकारी वा गैरसरकारी क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय कानूनविद्हरुमध्येबाट नेपाल सरकारले तोकेको वा मनोनयन गरेको दुई जना -सदस्य

(ङ) भूतपूर्व नेपाली राजदूतहरुमध्येबाट नेपाल सरकारबाट मनोनित एकजना -सदस्य

(च) अन्तर्राष्ट्रिय सम्बन्ध, परराष्ट्र मामिला विज्ञ वा विश्वविद्यालयका प्राध्यापकहरुमध्येबाट नेपाल सरकारबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मनोनित एक जना महिलासहित दुईजना -सदस्य

(छ) उद्योग तथा व्यापारिक क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल सरकारबाट मनोनित एकजना -सदस्य

(ज) सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा काम गरेका आदिवासी/जनजाती, मधेशी, दलित तथा अल्पसंख्यक समूदायका व्यक्तिहरुमध्येबाट नेपाल सरकारबाट मनोनित एकजना -सदस्य

(झ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधि बढीमा दुई वर्षको हुनेछ र निजको पुन: एक पटक मनोनयन हुनसक्नेछ।

(४) उपदफा (२) को खण्ड (घ) देखि (ज) सम्मका सदस्यहरुको कार्यसम्पादन सन्तोषजनक नभएको अवस्थामा नेपाल सरकारले त्यस्ता सदस्यहरुलाई हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजहरुलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिनेछैन।

४. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परराष्ट्र मामिला सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा गर्न नेपाल सरकारलाई परामर्श प्रदान गर्ने,

(ख) अन्तर्राष्ट्रिय सम्बन्धका विभिन्न पक्षहरुको अध्ययन र अनुसन्धान गर्ने र परराष्ट्र मामिला सम्बन्धमा नेपालले अवलम्बन गर्नुपर्ने रणनीतिबारे अध्ययन अनुसन्धानका



१३५
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधारमा अवधारणापत्र तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने,

(ग) परराष्ट्र मामिला सम्बन्धमा सम्मेलन, प्रवचन, गोष्ठी र विचारविमर्श आदिको आयोजना गर्ने, गराउने,

(घ) नेपालले अख्तियार गरेको कूटनीतिक सम्बन्धको अभ्यासमा सामयिक सुधार र परिमार्जन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(ङ) परराष्ट्र मामिला सम्बन्धमा देखा परेका समस्यामूलक विषयमा अध्ययन र अनुसन्धान गर्ने, गराउने,

(च) कन्सुलर सम्बन्धी अभ्यासलाई सामयिक सुधार र परिमार्जन गर्न नेपाल सरकारलाई सुझाव दिने,

(छ) नेपाल सरकारको विभिन्न निकायका कर्मचारीहरुलाई परराष्ट्र मामिला तथा कूटनीतिक अभ्यासका सम्बन्धमा प्रशिक्षण दिने,

(ज) नेपालको परराष्ट्र सम्बन्ध, कूटनीतिक अभ्यास, परराष्ट्र नीति, अन्तर्राष्ट्रिय सम्बन्धका क्षेत्रमा शोधपत्र, अनुसन्धान, कृति वा त्यस्तै अन्य लेख, रचना प्रकाशन गर्ने तथा त्यसको बिक्री वितरण गर्ने,

(झ) नेपालले विदेशी मुलुकमा आफ्नो राजदूतावास, महावाणिज्यदूतावास वा वाणिज्यदूतावास वा अन्य नियोग खोल्दा अपनाउनु पर्ने मापदण्डका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ञ) समितिको बार्षिक नीति, योजना र कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने, गराउने,

(ट) नेपालको परराष्ट्र मामिला तथा कूटनीतिक सम्बन्ध सम्बन्धी अभिलेख तथा सूचनाहरु अद्यावधिक गरी राख्ने र त्यस्ता विषयको श्रोत केन्द्रको रुपमा समितिलाई विकास गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ठ) समितिको कार्य सञ्चालनको लागि बजेट पारित गर्ने,

(ड) समितिले आफ्नो उद्देश्य प्राप्तिको लागि विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ,संस्था वा व्यक्तिसँग सम्पर्क र समन्वय गर्ने,

(ढ) यस आदेशबमोजिम समितिको उद्देश्य पूर्तिका लागि आवश्यक कार्यहरु गर्ने, गराउने ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधि:**(१) समितिको बैठक वर्षको कम्तिमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना र बैठकको एजेन्डा बैठक बस्नुभन्दा कम्तिमा तीन दिन अगावै सदस्यहरुलाई दिनुपर्नेछ ।

(३)समितिको कूल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४)समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत समेत दिनेछ ।

(६) समितिले आवश्यकतानुसार स्वदेशी विज्ञहरुलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्नसक्नेछ ।

(७) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशक:**(१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त, अन्तर्राष्ट्रिय कानून, कूटनीति, आर्थिक कूटनीति, नेपालको परराष्ट्र नीति तथा विदेश मामिलामा विशेष योगदान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिएको र अनुभव हासिल गरेका व्यक्तिहरुमध्येबाट नेपाल सरकारले समितिको सिफारिसमा एकजना कार्यकारी निर्देशक नियुक्ति गर्नेछ।

(२) कार्यकारी निर्देशकको पदावधि बढीमा दुई वर्षको हुनेछ र समितिको सिफारिसमा निजको एक अवधिको लागि पुनः नियुक्ति हुनसक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा नेपाल सरकारले निजको पदावधि पूरा नहुँदै कार्यकारी निर्देशक पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजहरुलाई सफाई पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त तथा सुविधाहरु तोकिएबमोजिम हुनेछन्।

७. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) समितिको कार्य सम्पादनको लागि समितिमा आवश्यक संख्यामा कर्मचारी रहनेछन्।

(२) समितिका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछ।

८. **करारमा नियुक्ति गर्न सकिनेः** (१) समितिले कुनै योजना कार्यान्वयन गर्नु परेमा सोको लागि आवश्यक ज्ञान र विशेष अनुभव भएका विशेषज्ञहरुलाई बढीमा एक वर्षको लागि करारमा नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्त भएका कर्मचारीहरुको काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक र सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ।

९. **समितिको कोषः** (१) समितिको एउटा छुट्टै कोष हुनेछ र कोषमा देहायका रकमहरु रहेनछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी संस्थाले चन्दा वा सहायतास्वरुप प्रदान गरेको रकम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था, विदेश सरकारबाट प्राप्त रकम,

(घ) समितिले गरेको प्रकाशनको विक्री वितरणबाट प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नुअघि समितिले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको कोषमा प्राप्त हुने रकम समितिले तोकेको बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम "क" वर्गको इजाजतपत्र प्राप्त कुनै बैंकमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) समितिलाई जुन कार्यक्रम वा कामको लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा काममा खर्च गर्नुपर्नेछ ।

(६) समितिको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१०. **लेखा र लेखापरीक्षण:** (१) समितिको आयव्ययको लेखा प्रचलित कानून बमोजिम नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नुपर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आयव्ययको लेखा तत्सम्बन्धी कागजात र अरु नगदी, जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

११. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने:**(१)समितिले आफ्नो कार्य सुचारु रुपमा सम्पादन गर्नको लागि आवश्यकताअनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।